




राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २३ ❑ अङ्क ७२ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ चैत १३ गते आइतबार ❑ 27 March 2022 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-


## पोखरा विमानस्थल नेपाल सरकारलाई हस्तान्तरण

**पोखरापत्र संवाददाता**
**पोखरा, १२ चैत**

राष्ट्रिय गौरवको आयोजना पोखरा क्षेत्रीय अन्तर ष्ट्रिय विमानस्थल नेपाल सरकारलाई चाइनाको निर्माण कम्पनी सीएएमसीईले हस्तान्तरण गरेको छ।




नेपाल भ्रमणमा रहेका चिनियाँ विदेशमन्त्री वाङ यीले शनिबार काठमाडौंमा आयोजित एक संक्षिप्त कार्यक्रमका बिच प्रधानमन्त्री शेरबहादुर देउवाको उपस्थितिमा विमानस्थलको साँचो हस्तान्तरण गरिएको हो। परराष्ट्रमन्त्री डा. नारायण खड्कालाई सांकेतिकरुपमा पोखरा विमानस्थलको साँचो हस्तान्तरण गरिएको थियो । पोखरामा साँझ भएको भर्चुअलरुपमा भएको कार्यक्रममा संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री प्रेमबहादुर आलेले निर्माण कम्पनी सीएएमसीई इञ्जिनियरिङलाई कदरपत्र प्रदान गर्दै निर्माण कम्पनिलाई धन्यवाद समेत दिए । मन्त्री आलेले हालसम्म पोखरा विमानस्थलको मुख्य काम ९७ प्रतिशत सम्पन्न भएको बताउदै आगामी ६ महिनाभित्र विमानस्थल संचालनमा जनाए ।

उनले उक्त परियोजना गण्डकी प्रदेशको राजधानी पोखराको मात्र नभई नेपालकै आर्थिक विकासको सूचकको रुपमा रहेको बताए । मन्त्री आलेले अब पोखरामा ७ तारेसम्मको होटलहरु खोल्न निजी क्षेत्रलाई आग्रह गरे। पर्यटन व्यवसायीलाई पाँच सम्ममात्र नभै साततारे होटल खोल्न सुझाव दिदै आवश्यक पर्ने कुनै सहयोग गर्न समेत तयार रहेको उनले जनाए। सीएएमसीईका म्यानेजर डि हाई सिंले कम्पनीले विश्वभरका सय देशमा काम गर्दै आएको समयमै प्रोजेक्ट सम्पन्न गर्दै आएको दाबी गरे । उक्त परियोजना सम्पन्न गर्न सहयोग गर्ने प्रति उनले धन्यवाद समेत दिए । विमानस्थल दुवै देशका जनताबीचको सम्बन्धको प्रतीक रुपमा रहेको सिंले बताए । नेपाल नागरिक उड्डयन प्राधिकरणका लागि महानिर्देशक प्रदीप अधिकारीले समग्रमा चार दशकदेखिको पोखरेलीको सपना पूरा भएको बताउदै आगामी केही महिना भित्र अर्को ठाँउमा ल्याण्डफिल्ड साइड स्थापना गर्न नसके विमानस्थल संचालन हुन नसक्ने बताए। समारोहमा गण्डकी प्रदेशका अर्थमन्त्री रामजी प्रसाद बराल जीवन, संचारमन्त्री विन्दुकुमार थापा, पर्यटन मन्त्री मणिभद्र शर्मा, संघीय सरकारका पूर्व कानुन मन्त्री यज्ञबहादुर थापा, उद्योगी व्यवसायी, स्थानीय लगायतको उपस्थिति रहेको थियो । करिब २२ अर्बको उक्त परियोजना जति सक्दो छिटो संचालनमा ल्याउन नसके विमानस्थलको खर्च धान्न कठिन हुने स्थानीयले बताए।

## प्रगतिशील शैक्षिक परामर्श संघ गण्डकीमा क्षेत्री

**पोखरापत्र संवाददाता**
**पोखरा, १२ चैत**

नेकपा एमाले निकट शैक्षिक परामर्श व्यवसायीहरुको संगठन प्रगतिशील शैक्षिक परामर्श संघ (पिक्यान) गण्डकी प्रदेशको प्रथम सम्मेलन तथा अधिवेशन पोखरामा सम्पन्न भएको छ । अधिवेशनले प्रगतिशील शैक्षिक परामर्श संघका संस्थापक सदस्य भुवन क्षेत्रीको अध्यक्षतामा १३ सदस्यीय प्रदेश कमिटी सर्बसम्मत चयन गरेको छ।

कमिटिको उपाध्यक्षमा देबराज शर्मा, सचिवमा विकास गौतम, उपसचिवमा सुनिल पराजुली र ओम प्रकाश गैह्रे, कोषाध्यक्ष गणेश कोइराला चयन भएका छन् । सदस्यमा राजु गोर्खाली, विश्वकल्याण अधिकारी, अनिल गौतम, लक्ष्मी अधिकारी, पवित्रा थापा मगर, सुरेन्द्र बराल र प्रकाश अधिकारीलाई चयन भए । अधिवेशनले प्रदेश कमिटीमा पदेन सदस्य रहने गरि जिल्ला संयोजकहरुको पनि टुङ्गो लगाएको छ। जस अनुसार तिलक लामिछाने कास्की संयोजक, नन्दु पाइजा पुन म्याग्दी संयोजक, बिश्व प्रकाश भुषाल तनहु संयोजक, मीलन पौडेल पर्बत संयोजक र नेत्र बिष्ट बागलुङ संयोजक चयन भए । गण्डकी प्रदेशबाट यस अगाडि नै केन्द्रीय सदस्यमामा सन्दिप अर्याल र युबराज पौडेलसंगै गण्डकी संयोजकमा भुवन क्षेत्री र सहसंयोजकमा अधिबक्ता देबराज शर्मा काठमाडौंमा सम्पन्न केन्द्रीय भेलाबाट चयन भएका थिए । नेकपा एमाले गण्डकी प्रदेशका उपसचिव रश्मि आचार्यको प्रमुख आतिथ्यतामा कार्यक्रम भएको हो । करिब ५० भन्दा बढी शैक्षिक परामर्श ब्यबसायीहरुको




उपस्थितिमा सम्पन्न सम्मेलनमा प्रमुख अतिथि रश्मि आचार्यले अबका दिनमा परामर्श ब्यबसायीहरु बिद्यार्थीलाई बाहिर अध्ययनको लागि पठाउने मात्र होइन बाहिरका बिद्यार्थीहरुलाई नेपाल भित्र्याई गण्डकी प्रदेशको राजधानी पोखरासंगै नेपाललाई शैक्षिक हबको रुपमा विकास गराउन अपिल गरे।

नेपाली विद्यार्थीलाई विकसित देशहरूमा उच्च शिक्षा अध्ययनको लागि सहजीकरण गर्ने शैक्षिक परामर्श व्यवसाय सेवामुलक र स्वरोजगार सहितको व्यवसाय भएको हुँदा यसलाई राज्यले हेर्ने दृस्टिकोण सकारात्मक हुनुपर्नेमा नवनिर्वाचित अध्यक्ष क्षेत्रीले जोड दिए।

## प्रधानमन्त्री देउवासँग चिनियाँ परराष्ट्रमन्त्री वाङको भेटवार्ता

**रासस**
**काठमाडौं, १२ चैत**

प्रधानमन्त्री शेरबहादुर देउवासँग चीनका राज्यपरिषद् सदस्य एवं परराष्ट्रमन्त्री वाङ यीले शिष्टाचार भेटवार्ता गर्नुभएको छ।



प्रधानमन्त्री निवास बालुवाटारमा शनिबार साँझ एक घण्टा भएको भेटमा उहाँहरुबीच द्विपक्षीय आपसी हितका विविध विषयमा कुराकानी भएको परराष्ट्रमन्त्री डा नारायण खड्काले जानकारी दिनुभयो। भेटमा नेपाल र चीनबीचको सम्बन्ध पुरानो तथा मैत्रीपूर्ण रहेको, अन्तर्राष्ट्रिय मञ्चमा दुवै देशले एकअर्काका चासो र हितका विषयमा समर्थन गर्नेलगायत विषयमा कुरा उठान भएको उहाँले बताउनुभयो।

चीनसँगको नेपालको व्यापार घाटा, चीनसँगका तातोपानी र रसुवा नाका सञ्चालन गर्ने, चीनमा अध्ययनरत नेपाली विद्यार्थीको अध्ययन कोभिड-१९ का कारण पूरा हुन नसकेको अवस्थामा त्यसलाई सहजता बनाउनेलगायत विषयमा पनि दुवै पक्षबीच सौहार्द रुपमा छलफल भएको थियो । सोही अवसरमा पोखरा विमानस्थलमा चीनको ऋण सहयोगमा चिनियाँ पक्षले सम्पन्न गरेको प्राविधिक पक्षको काम नेपाललाई हस्तान्तरण गरिएको छ। परराष्ट्रमन्त्री डा खड्काको मैत्रीपूर्ण निमन्त्रणामा तीन दिने नेपाल भ्रमणमा आउनुभएका परराष्ट्रमन्त्री वाङ शुक्रबार यहाँ आइपुग्नुभएको हो । दुवै देशका परराष्ट्रमन्त्रीबीच आजै द्विपक्षीय वार्तापछि दुवै देशका सम्बद्ध अधिकारीले पारस्परिक सहयोग अभिवृद्धि गर्नेसम्बन्धी नौ वटा समझदारीमा हस्ताक्षर पनि गर्नुभएको छ।

## महिला तथा बाल कल्याण कुञ्जको अध्यक्षमा सिग्देल

**पोखरापत्र संवाददाता**
**पोखरा, १२ चैत**

पोखरा महानगरपालिका वडा नं १३ स्थित महिला तथा बाल कल्याण कुञ्जको २० औं वार्षिक साधारण सभा तथा दशौं अधिवेशनले शान्तिदेवी सिग्देललाई अध्यक्षमा चयन गरेको छ।



शनिवार भएको अधिवेशनले कुञ्जका सदस्हरुमा क्रमश सत्यदेवी रेग्मी खनाल, गिता लौडारी, विसालक्ष्मी सिग्देल, पार्वती पराजुली सिग्देल, रत्न सिग्देल, कमला पगेनी, र तारा भट्टराई चयन गरेको छ । कुञ्जको पहिलो वैठकले कार्य विभाजन गर्ने छ। पृथ्वीधर सिग्देल समाजका अध्यक्ष गोविन्दप्रसाद सिग्दलले सभाको उद्घाटन गर्दै समाज सेवामा सवै मिलेर अगाडि बढ्नु पर्ने धारणा राखे। महिला तथा बाल कल्याण कुञ्जका अध्यक्ष मैया सिग्देलको अध्यक्षतामा भएको कार्यक्रममा कुञ्जका सल्लाहकार ज्ञानेन्द्रप्रसाद सिग्देल, निवर्तमान अध्यक्ष लक्ष्मी सिग्देल, पूर्व अध्यक्ष मिरा सिग्देल, अरण्यज्योति पुस्तकालयका अध्यक्ष यदुराज पगेनी, सिग्देल मार्ग टोल विकास संस्थाका अध्यक्ष रुद्रनाथ पौडेल, पृथ्वीधर सिग्देल समाजका पूर्व अध्यक्ष शरदकान्त सिग्देल, नेपाल परिवार नियोजन संघका केन्द्रिय महासचिव अर्जुन सिग्देल, पोखरापत्र दैनिकका कार्यकारी सम्पादक शोभाकान्त सिग्देल र कुञ्जका कोषाध्यक्ष सत्यदेवी रेग्मी खनाल लगायत वोलेको कार्यक्रममा उपाध्यक्ष शान्तिदेवी सिग्देलले स्वागत र सचिव रत्न सिग्देलले संचालन गरेकी थिइन्।

## मर्दीखोला शैक्षिक प्रतिष्ठानद्वारा ३ लाख ८० हजार बराबरको छात्रवृत्ति र शैक्षिक सामाग्री वितरण

**पोखरापत्र संवाददाता**
**पोखरा, १२ चैत**


मर्दीखोला नेपाल शैक्षिक प्रतिष्ठानले आफ्नो २३ औं वार्षिक साधारण सभा तथा १०औं अधिवेशनका अवसरमा ३ लाख ८० हजार बराबरको छात्रवृत्ती र शैक्षिक सामाग्री वितरण गरेको छ।



कास्कीका विभिन्न सरकारी विद्यालयका गरिब तथा जेहेन्दार १४ जना कक्षा ११ र १२ मा अध्ययनरत विद्यार्थीहरुलाई १ लाख ४० हजार छात्रवृत्तीका लागि नगद र ६ विद्यालयलाई २ लाख ४० हजार बराबरको गणितिय र सामाजिक शिक्षा सामाग्री प्रतिष्ठानले वितरण गरेको हो। शैक्षिक सामाग्री पाउने विद्यालयमा माछापुच्छे मावि सार्दिखोला, निष्पक्ष मावि हुम्दी, कालिका मावि कास्कीकोट, सारदा मावि माछापुच्छे, विन्देश्वरी मावि तल्लाकोट र सिर्जना सामुदायिक मावि सिम्पाली रहेका छन्। कार्यक्रममा नेपाल प्रज्ञा प्रतिष्ठानका पूर्व उपकुलपति, नोबेल पुरस्कारका विजेत तथा वरिष्ठ साहित्यकार सरुभक्तले विद्यालयबाट लिएको शिक्षालाई बढाउदै गएर समाज र देशमा कहिल्यै नमेटिने कार्य गर्छु भन्ने उद्देश्य लिनुपर्ने बताए। साथै उनले छात्रवृत्तीमा पाईएको रकम थोरै भएपनि यसको महत्व ठुलो हुने र विद्यार्थीको प्रतिभालाई प्रदान गरिएको बताए। भविष्यमा थप उर्जा मिलोस् भन्नको लागि छात्रवृत्ती प्रदान गरिने उनको भनाई थियो। त्यस्तै कार्यक्रमको अध्यक्षता गरेका प्रतिष्ठानका सचिव डिल्लीराम गिरीले प्रतिष्ठानको उद्देश्य भनेकै कुनै पनि विद्यार्थी आर्थिक अभावका कारण शिक्षाबाट वञ्चित नहुन भन्ने रहेको बताए । प्रतिष्ठानले कुनै निजी स्वार्थको लागि नभई समाज र विद्यालयको सल्लाह, सुझाव अनुसार छात्रवृत्ती र विद्यालयलाई वार्षिकरुपमा शैक्षिक सामाग्री वितरण गर्दै आएको जानकारी गिरीले दिए। साथै उनले विद्यालय तथा विद्यार्थीलाई प्रतिष्ठानबाट प्राप्त सहयोगको दुरुपयोग नगर्न पनि आग्रह गरे । कुनै पनि विद्यालय वा विद्यार्थी आर्थिक अभावका कारण पढाइबाट बञ्चित छन् भने प्रतिष्ठान सदैव सहयोगका लागि तयार रहेको गिरीले बताए।

कार्यक्रममा माछापुच्छे गाउँपालिका वडा नं. २ का अध्यक्ष बिक्रम गुरुङ, सोहीपालिका वडा नं. ५ का अध्यक्ष जुमबहादुर गुरुङ, माछापुच्छे मावि भुर्जुङखोला विद्यालय व्यवस्थापन समितिका अध्यक्ष बमबहादुर गुरुङ, माछापुच्छे माविका प्रधानाध्यापक सन्तोष आचार्य, अभिभावक संघ कास्कीका अध्यक्ष गोपाल गिरी, निष्पक्ष माविका प्रधानाध्यापक दुर्गा बहादुर राउत र छात्रवृत्ती पाउने विद्यार्थीको तर्फबाट अमृता लामिछानेले शुभकामना मन्तव्य राखेका थिए । कास्की माछापुच्छे गाउँपालिका वडा नं. २ भुर्जुङखोलामा अवस्थित माछापुच्छे माविको प्राङ्गणमा भएको कार्यक्रमको सञ्चालन प्रतिष्ठानका कोषाध्यक्ष अनिल लामिछानेले गरेका थिए।

मर्दीखोला शैक्षिक प्रतिष्ठानले २०५४ सालदेखि कार्य शुरु गरि २०५६ सालमा विधिवत दर्ता गरि शैक्षिक क्षेत्रमा निरन्तर योगदान दिँदै आएको छ। यसका संस्थापक अध्यक्ष डा. राम गिरी हाल जापानमा छन् । प्रतिष्ठानले पछिल्लो ३ वर्षमा शिक्षा क्षेत्रमा मात्रै १० लाख ८० हजार खर्च गरिसकेको सार्वजनिक खर्च विवरणमा उल्लेख छ।

# सुवेदीको जन्मजयन्तीमा कृति समिक्षा तथा सम्मान

पोखरापत्र संवाददाता
पोखरा, १२ चैत



कम्युनिष्ट नेता कमरेड पुष्पकमल सुवेदीको ७३ औं जन्मजयन्तीका अवसरमा कृति समिक्षा तथा सम्मान एक कार्यक्रमका बिच पोखरामा गरियो ।

कार्यक्रमको प्रमुख अतिथिका रुपमा बामबुद्धिजिवी रघुनाथ अधिकारीले पुष्पकमल सुवेदी पञ्चायती दमनको अवस्थामा क्रान्तिकारी लहर ल्याउने एक अग्रणी योद्धा हुनुहुन्थ्यो भन्दै उहाँले गाउँका किसान, विद्यार्थीहरुमाझ मार्क्सवादी विचारलाई विस्तार गर्न अथक परीश्रम गरेको जानकारी गराउनु भएको थियो। त्यसैगरि प्रतिष्ठानले प्रकाशित गरेको संचेतना अङ्क ६ को चर्चापरिचर्चा पूर्व क्याम्पस प्रमुख तथा वाम बुद्धिजिवी गेहेन्द्रेश्वर कोइरालाले गर्दै प्रतिष्ठानले वैचारिक पत्रिका प्रकाशन गरेर मार्क्सवादीलाई जीवन्त बनाउने कार्य गरेर समाजमा महत्वपूर्ण योगदान पुऱ्याएको बताउनुभयो । उहाँले पत्रिकामा रहेका लेख रचना स्तरीय र शिक्षाप्रद छन भन्ने कुरामा प्रकाश पार्नु भएको थियो।

उक्त कार्यक्रममा वामपन्थी विश्लेषक झलक सुवेदीले पुष्पकमलका विचारलाई वर्तमान पिंढिले व्यवहारमा उतार्नु पर्दछ भन्ने कुरामा जोड दिंदै गण्डकी धौलागिरीमा कम्युनिष्ट आन्दोलनको विजारोपण गर्न पुष्पकमलको भूमिकाका कारण आजको वाम आन्दोलन यो अवस्थामा आईपुगेको कुरामा जोड दिनुभएको थियो, उक्त कार्यक्रममा नेकपा माओवादी केन्द्रका लेखा आयोग सदस्य झलकपाणी तिवारी, वाम बुद्धिजिवी शेषमणी आचार्य संस्थाका सल्लाहकार नारायण परिश्रमी लगायतले मन्तव्य राख्नु भएको थियो । कार्यक्रममा संस्थापक अध्यक्ष दिवाकार सुवेदी र माले क्रान्तिकारी दलका संस्थापक एवं पुष्पकमलका सहयोद्धा मोदनाथ रेग्मीलाई उहाँहरुले पुऱ्याउनु भएको योगदानको कदर गर्दै सम्मान गरिएको थियो, संस्थाका अध्यक्ष पूर्ण गिरीको अध्यक्षता र सचिव ध्रुवकल्पित सुवेदीको संचालनमा कार्यक्रम सम्पन्न भएको थियो ।

# गणतन्त्र विरोधीहरु जनताका अधिकार खोस्न उद्यत छन् : अध्यक्ष दाहाल

पोखरापत्र संवाददाता
गोरखा १२ चैत

नेकपा (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले गणतन्त्र विरोधीहरु जनताका समावेशी अधिकार र समानुपातिक अधिकार खोस्न उद्यत रहेको बताउनुभएको छ ।

गोरखाको बारपाक सुलिकोट गाउँपालिकाको प्रशासकीय भवनको शनिबार उद्‌घाटन गर्दै अध्यक्ष दाहालले यथास्थितिवादीहरु माओवादी केन्द्रलाई घेरा हालेर सिध्याउनु पर्छ भनेर लागिपरेकोआरोपलगाउनुभयो। माओवादी जनयुद्ध र उन्नाइस दिनको जनआन्दोलनबाट प्राप्त उपलब्धि खोस्न सके माओवादीलाई सिध्याउन सकिन्छभन्नेमा प्रतिगमनकारी र प्रतिक्रान्तिकारी लागेको उहाँको भनाइ थियो ।

"अबको निर्वाचनमा माओवादीहार्दा गणतन्त्र नै हार्ने खतरा छ, समावेशिता र समानुपातिकता खोसिने खतरा छ", उहाँले भन्नुभयो । परिवर्तनका लागि अग्रणी भूमिका खेलेको माओवादीले अबको निर्वाचन जिते मात्र देशमा सामाजिक न्याय र समृद्धिको बाटो खुल्ने अध्यक्ष दाहालले उल्लेख गर्नुभयो । निर्वाचनमा विजय हासिल गरेर उपलब्धिको रक्षा गर्नुपर्नेमा उहाँले जोड दिनुभयो ।

# नेतृत्व विकास तालिम

पोखरापत्र संवाददाता
पोखरा, १२ चैत



महिला सञ्जाल पोखरा १८ को आयोजनामा र पोखरा महानगरपालिका वडा न १८ वडा कार्यालयको सहयोगमा सनिवार वडा भित्रका३२ वटा आमा समुहका पदाधिकारिहरूको लागि नेतृत्व विकास तालिम सुरू भयो ।

कार्यक्रमलाई व्यानरमा हस्ताक्षर गरि उद्धाटन गर्दै गण्डकी प्रदेश सभाका उपसभामुख श्रृजना शर्माले महिलाहरूको नेतृत्व विकास हुन सके सिन्गो समाजलाई सहयोग पुग्ने वताउदै सुखि नेपाली संमृद्ध नेपाल निर्माण गर्न महिलाहरूलाई नेतृत्वमा पुर्याउनुपर्ने वताईन् । कार्यक्रममा वडा प्रतिनिधि ज्ञान वहादुर थापाले महिलाहरूमा हुने विभेदको अन्त्य गरि समतामुलक समाज निर्माण गर्नु पर्ने वताए ।

कार्यक्रममा नेपाल रेडक्रस सोसाईटि पोखरा ९ उपसाखाका सचिव प्रकाश शर्माले महिलाहरूलाई नेतृत्वमा पुर्याउन सवैको सहयोग हुनुपर्ने वताए। वडा प्रतिनिधि सरला नेपालिले महिलाहरू चुलोचौकामा मात्र सिमित रहने होईन नेतृत्वमा रहनुपर्ने बताईन् । कार्यक्रममा पार्वति कोईराला, रेना गुरूङ लगायतले मन्तव्य राखेका थिए। कार्यक्रम महिला सञ्जाल पोखरा १८ का अध्यक्ष भोजकुमारि थापाको अध्यक्षतामा र सचिव लक्ष्मि थापाको सञ्चालनमा भएको थियो ।

# व्यवसायमा सफल हुने तरिका सिकाउँदै बुद्ध विशाल बजार

पोखरापत्र संवाददाता
पोखरा, १२ चैत



बुद्ध विशाल बजार व्यापारिक एशोसियसन पोखराले आफ्ना संस्थाका सदस्यहरुलाई सकारात्मक ऊर्जासहित व्यवसायमा सफल हुने तरिका सहितको एकदिने प्रशिक्षण कार्यक्रम सम्पन्न गरेको छ ।

तालिममा प्रशिक्षक तथा बुद्ध बिशाल वजार व्यापारिक एशोसियसनका सल्लाहकार तथा मानार्थ सदस्य सुदिप ढकालले व्यवस्थापकीय कौशलता, नेतृत्व विकास, व्यावसायिक रणनीतिहरुको अवलम्बन र निर्णय लिने क्षमता विकाससँगै व्यवस्थापकीय कौशलता तथा व्यावसायिक रणनीति निर्माणका नयाँ आधार अवलम्बन गर्न प्रशिक्षणले सहयोग पुग्ने बताएका थिए । बुद्ध बिशाल वजार व्यापारिक एशोसियसनका अध्यक्ष केशव बहादुर खत्रीले कोरोना महामारीबाट संकटग्रस्त बनेका व्यवसायीलाई उनीहरु संलग्न व्यवसायको प्रर्वधनमा कसरी गर्ने भन्ने विषयमा यस तालिमले थप सफलता प्राप्त गर्ने बताउदै सकारात्मक सोच र ऊर्जाका साथ कसरी व्यवसायमा अघि बढ्ने भन्नेबारेमा हौसला र उत्प्रेरणा दिएको बताए ।

कार्यक्रममा बुद्ध बिशाल वजार व्यापारिक एशोसियसनका सल्लाहकार शिव शर्माले तालीमले आधारभूत ज्ञान हासिल गर्न सफल हुने बताउदै कार्यक्रमको सफल्ताको कामना गरेका थिए। एशोसियसनका उपाध्यक्ष तथा कार्यक्रम सयोजक ईन्द्रराज अर्यालले स्वागत मन्तव्य राख्दै संस्थाका सदस्यहरुको क्षमता विकासका लागि माग भएअनुसार नै तालिम आयोजना गरिएको बताउदै तालिम उपयोगी हुने विश्वास व्यक्त गरे ।

बुद्ध बिशाल वजार व्यापारिक एशोसियसनका अध्यक्ष केशव वहादुर खत्रीको अध्यक्षतामा भएको कार्यक्रममा एशोसियसनका महिला उप समितकी संयोजक शान्ति श्रेष्ठ जोशीले धन्यवाद ज्ञापन राखेकी थिईन भने एशोसियसनका महासचिव बुद्धि बहादुर कुँवरले कार्यक्रम सन्चालन गरेका थिए ।

# काँग्रेसको वडा नं १३ मा प्रशिक्षण तथा पदस्थापना

पोखरापत्र संवाददाता
पोखरा, १२ चैत



"घर-घर जाऔ, कांग्रेस जिताऔ अभियान" अन्तर्गत आज नेपाली काँग्रेस वडा कार्य समिति पोखरा महानगरपालिका वडा नं १३ कस्कीको आयोजनामा नव गठित टोल कार्यसमितिको प्रशिक्षण तथा पदस्थापन कार्यक्रम शनिवार सम्पन्न भयो ।

राजनीतिकर्मी तथा समाजसेवी अब्दुल रहिम मियाँले प्रशिक्षणको उद्‌घाटन गरेका थिए । नेपाली काँग्रेस कास्कीका जिल्ला सभापति किशोरदत्त बराल, राजेन्द्र भण्डारी, डा. बीर बहादुर कर्की, डा. कृष्ण प्रसाद पौडेल र सन्तोष पौडेलले प्रशिक्षण दिएका थिए।प्रशिक्षणमा नेपाली काँग्रेसको इतिहास,राष्ट्रिय राजनीति, स्थानीय राजनीति र काँग्रेसको निती नियम वारेमा छलफल गरिएको थियो । नेपाली कांग्रेस वडा न १३ का सभापति माधव प्रसाद सिग्देलको अध्यक्षतामा भएको कार्यक्रममा उपसभापति रवि वरालले स्वागत र सचिव सुदीप गुरुङले संचालन गरेका थिए ।

# १५ औं बि.टी. कप सेभेन ए साइड फुटबल प्रतियोगिता यही चैत १८ देखि हुने

पोखरापत्र संवाददाता
पोखरा, १२ चैत

पोखरामा १५ औं संस्करणको बि.टी. कप पाँचौं विरेन्द्र स्मृती सेभेन ए साइड फुटवल प्रतियोगिता यही चैत १८ गते देखि हुने भएको छ ।

पोखराको बुद्धटोल क्लवको आयोजनामा चैत २४ गतेसम्म पोखराको पुरानो टुडिखेलमा उक्त प्रयोगिता हुने भएको शनिबार पोखरामा आयोजित पत्रकार सम्मेलनमा जानकारी गराइएको हो ।

प्रतियोगिताका विजेतालाई १ लाख ५१ हजार १ सय ११ रुपैया प्रदान गरिने भएको क्लबका अध्यक्ष विजया गुरुङले बताइन् । प्रतियोगिताको उपबिजेतालाई भने ९१ हजारको साथमा शिल्ड, मेडल, प्रमाणपत्र प्रदान गरिने भएको छ । प्रतियोगिता सम्पन्न गर्न करिब २० लाख ६५ हजार खर्च लाग्ने क्लवले जनाएको छ ।

कोरोनाको कारण गत केही बर्ष स्थगित भएको उक्त प्रतियोगितालाई यस बर्ष पुनः निरन्तरता दिने गरी हाल तयारी गरिएको प्रचार प्रसार संयोजक अमृत गुरुङले बताए। पुरानो टुडिखेल मैदान हाल मर्मत संहार भएकोले उक्त प्रतियोगितामा सहभागि हुने केही टिमलाई प्रशिक्षण गर्न कठिन भएको प्रचार संयोजक गुरुङले बताए। उक्त खेल मैदान निर्माणमा क्लवले करिब ५ लाख रुपैया सहयोग गरेको दाबी गरेको छ।

प्रतियोगितामा सर्वाधिक गोलकर्ता, सर्वोत्कृष्ट खेलाडी, बेष्ट डिफेन्स, बेष्ट मिडफिल्डर, बेष्ट गोलरक्षकलाई पुरस्कृत गरिने भएको छ । अनुशासित टिमलाई ८ हजार, उत्कृष्ट खेलाडीलाई ७ हजार अन्य विभिन्न विधामा उत्कृष्ट भएका खेलाडीलाई जनही ५/५ हजार प्रदान गरिने भएको छ । विगतका बर्ष देखि निरन्तर रुपमा संचालन हुदै आएको उक्त प्रतियोगिताले खेलाडी उत्पादनदेखि फुटवल खेलको प्रबर्द्धन गर्न थप टेवा पुग्ने संयोजक गुरुङले जनाए । ५० भन्दा बढी टिमको सहभागीता रहने अपेक्षा गरिएको क्लवले जनाएको छ ।

क्लवका सल्लाहकार बिरेन गुरुङको स्मृतिमा चैत्र महिनाको १९ गतेदेखि बिटी कप गर्ने निर्णय क्लवले गरेको हो । सल्लाहकार बिरेन गुरुङको २०७२ साल चैत्र १९ गते अल्पायुमै निधन भएको थियो ।

# आर्वा वहुउद्देश्यीय सहकारी संस्थाको अध्यक्षमा बराल

पोखरापत्र संवाददाता
पोखरा, १२ चैत



पोखरा महानगरपालिका वडा नं १३ आर्वा स्थित आर्वा वहुउद्देश्यीय सहकारी संस्था लि.को प्रारम्भिक साधारण सभाले नविन वराललाई अध्यक्षमा चयन गरेको छ ।

शनिवार भएको सभाले संस्थाको उपाध्यक्षमा सञ्जिव बानियाँ, सचिवमा शोवित वराल, सहसचिवमा बुद्धि वराल, कोषाध्यक्षमा श्रीनाथ वराल, सह कोषाध्यक्षमा शोभा वाँस्तोला वराल चयन भए । त्यसैगरी सदस्यहरुमा क्रमश भोला भद्र वाग्ले, विन्दु पौडेल वराल र सिर्जन पौडेल वराल रहेका छन् ।

सभाको पोखरा महानगरपालिका वडा नं १३ का वडा अध्यक्ष दर्शन लामाले उद्‌घाटन गरेका थिए । सभाले सोही दिन लेखा उपसमितिको संयोजकमा नविन वराल, सदस्य द्धयमा सागर वराल र सम्झना घिमिरे वराल चयन गरेको छ ।


प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाव गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरूषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

महिलाहरूमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८५१०८८११८


नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

कपालको उपचार

कपाल झर्न तुरून्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ । यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।



सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

सवैको निन्दा सुन तर आफ्नो फैसलालाई भने गोप्य नै राख।
– शेक्सपियर

## सम्पादकीय

# मौलाउँदै गएको भ्रष्टाचार

भ्रष्टाचार जति मौलाउदै जान्छ त्यति राजनीति अस्थिरता बढ्छासरकारको प्राथमिकता भ्रष्टाचार नियन्त्रण र सदाचार पालनामा छैन। राज्यका तीनवटै अंग आफ्नो जिम्मेवारी वहन गर्न नसक्दा भ्रष्टाचार बढ्दै गएको छ। विचौलीया हावी हुँदै जान थालेका छन। सरकारले जनतालाई सुशासनको प्रत्याभूति दिन सकेको छैन। संघीय संरचनामा गएपछि चालू खर्च बढ्दै गएको छ। पूँजीगत खर्च हुन नसक्ने अवस्था छ। विकासको काम आर्थिक वर्षको अन्तिम महिजनमा हुने रोग हट्नुको सट्टा बढ्दै गएको छ। पहिलेमो सरकारले भ्रष्टाचार विरुद्ध शुन्य सहनशिलता नीति लिए पनि भ्रष्टाचार घट्न सकेको थिएन। बहुमतको सरकारले भ्रष्टाचार विरुद्ध कठोर कदम चलाउन नसक्दा राजनीतिक नेतृत्वको आडमा भ्रष्टाचार मौलाएको विभिन्न अध्ययन र सर्भेक्षणले देखाएका छन।

भ्रष्टाचार विरुद्ध कार्यरत अन्तर्राष्ट्रिय संस्था ट्रान्सपरेन्सी इन्टर नेसनल (टीआई)ले सार्वजनिक गरेको २०२१ को भ्रष्टाचार अवधारणा सूचकांक(सीपीआई)मा नेपालको अवस्थामा कुनै सुधार आएको छैन। सीपीआई २०२१ ले १८० देशको सार्वजनिक क्षेत्रको भ्रष्टाचारबारे विज्ञको अवधारणा मापन गर्दा उस्तै देखिएको छ। विगत १ वर्ष (सन् २०२०/२१) मा विश्व बैंक, वर्ल्ड इकोनोमिक फोरम, ग्लोबल इनसाइट, बर्टेल्सम्यान फाउन्डेसन, वर्ल्ड जस्टिस प्रोजेक्ट, र भीडीईएमसमेत गरी ६ वटा संस्थाद्वारा गरिएका सर्वेक्षणका आधारमा सूचकांक सार्वजनिक गरिएको छ। सीपीआई २०२१ मा नेपाललाई १०० मा ३३ अंक (११७ औं स्थान) दिइएको छ। गत वर्ष पनि यस सूचीमा नेपालको अंक ३३ (११७ औं स्थान) मै थियो। सिपिआई अनुसार नेपाल भ्रष्टाचार व्याप्त मुलुकहरूको श्रेणीमै रहेको टीआईले जनाएको छ।

नेपालमा भ्रष्टाचार नियन्त्रण गर्ने राजनीतिक इच्छाशक्तिको अभाव र सत्ताको आडमा संरक्षण पाउने प्रबृत्ति बढ्दैछ। २०१९ मा ३४ अंकसहित नेपाल ११३ औं स्थानमा थियो। त्यस्तै, २०१८ मा ३१ अंक प्राप्त गरी १२४, २०१७ मा ३१ अंकसहित १२२, २०१६ मा २ ९ अंकसहित १३१,२०१५ मा २७ अंकसहित १३०, २०१४ मा २९ अंकसहित १२६, २०१३ मा ३१ अंकसहित ११६ र २०१२ मा २७ अकंसहित १३९ औं स्थानमा थियो। एक दशकको सूचकांक हेर्दा भ्रष्टाचारमा नेपालको अवस्थामा दयनीय छ। सीपीआई २०२१ मा दक्षिण एसियाली देशमध्ये भुटान ६८ अंकसहति २५, मालदिभ्स ४० अंकसहति ८५, भारत ४० अंकसहित ८५, श्रीलंका ३७ अंकसहित १०२ औं स्थानमा छ। नेपाल भने भुटान,मालदिभ्स,भारत र श्रीलंका भन्दापछि छ। सबैभन्दा धैरै भ्रष्टाचार हुने दक्षिण एसियाली देशमा पनि नेपाल चौथो छ।

अफगानिस्तान १६ अंक प्राप्त गरी १७४ औं स्थानमा छ। सीुपीआईले विश्वभरि नै भ्रष्टाचार विरोधी प्रयासमा भएको कमी र शिथिलताले गर्दा मानवअधिकार र लोकतन्त्र धरापमा परेको जनाएको छ। संसारभरि नै भ्रष्टाचार घट्न नसकेको र ८६ देशले एक दशकसम्म पनि कुनै प्रगति हासिल नगरेको देखिएको छ। सीपीआईले नागरिक हकअधिकार कमजोर भएका देशमा भ्रष्टाचार, मानवअधिकार हनन हुने, लोकतन्त्रको स्तर घट्ने, अधिनायकवाद बढ्ने र भ्रष्टाचारमा थप वृद्धि हुने गरेको छ। १८० देशमध्ये डेनमार्कले १०० मा ८८ अंकसहित सबैभन्दा कम भ्रष्टाचार हुने मुलुक भएका छन् भने साउथ सुडान ११ अंकसहित सबैभन्दा बढी भ्रष्टाचार हुने मुलुकका रूपमा सूचीकृत भएका छन्। यस सूचकांकमा १०० अंकले अति स्वच्छ र ० अंकले अति भ्रष्टाचार रहेको जनाउँछ। विश्वसनीय अन्तर्राष्ट्रिय संस्थाहरूद्वारा सम्पन्न गरिएका विभिन्न सर्वेक्षणको आधारमा टीआईद्वारा यो सूची तयार गर्ने गर्दछ। टीआईले यो सूची सन् १९९५ देखि प्रत्येक वर्ष सार्वजनिक गर्दै आएको छ भने यस सूचीमा नेपाललाई सन् २००४ देखि समावेश गरिएको छ। सीपीआई २०२१ मा दुई तिहाई मुलुकले ५० भन्दा कम अंक (स्कोर) प्राप्त गरी बढी भ्रष्टाचार हुने मुलुकका रुपमा रहेका छन्। यस वर्षको औसत स्कोर ४३ रहेको छ।

पछिल्लो दशकमा १५४ देशको स्कोर बढ्न नसकेको वा भ्रष्टाचार नियन्त्रणमा केही प्रगति नभएको देखिएको छ। सीपीआई २०२१ मा नेपालका लागि समाविष्ट विभिन्न ६ संस्थाका सर्वेक्षणले सार्वजनिक क्षेत्रमा भ्रष्टाचार र अधिकारको दुरुपयोग कायम रहनु, व्यापार व्यवसायमा घुसखोरी रहनु, कारबाहीमा कमी हुनु, सूचनामा नागरिकको पहुँचमा कमी हुनु, राजनीतिक भ्रष्टाचार नियन्त्रण नहुनुजस्ता संदेश दिएको छ। ट्रान्सपरेन्सी इन्टरनेशनलले सार्वजनिक पदाधिकारीमाथि प्रश्न, अन्तरदेशिय भ्रष्टाचार नियन्त्रण, शक्ति नियन्त्रण र सरकारी खर्चको पारदर्शिता बढाउन सुझाव दिएको छ। भ्रष्टाचारको विरोध तथा मानवअधिकार प्रवद्धन गर्न सरकारहरूलाई अपिल गर्दै सम्पूर्ण नागरिकलाई परिवर्तन माग गर्न ऐक्यवद्ध हुन अपिल पनि गरेको छ। राज्यका तीनवटै अंगलाई जवाफदेही बनाउन र नागरिकलाई सचेत गराउने काममा नागरिक संस्थाको प्रभावकारी भुमिका खेल्नु आवश्यक छ।

# हेल्मेट डाक्टर सेवाबाट २ हजार जना लाभान्वित

**पोखरापत्र संवाददाता**
**पोखरा, १२ चैत**

हेल्मेट डाक्टर सेवाबाट २ हजार जना लाभान्वित भएका छन्। स्वास्थ्यका क्षेत्रमा काम गर्दै आएको नेपाल विकास समाजले कोरोना संक्रमणका समयमा सञ्चालन गरिएको 'हेल्मेट डाक्टर' सेवाबाट २ हजार जना लाभान्वित भएको समाजका प्रोजेक्ट म्यानेजर पवित्रबाबु सोतीले बताए।

नेपालमा कोरोना सुरु भएसंगै संस्थाले कास्कीको रुपा गाउँपालिकामा हेल्मेट डाक्टर सेवा मार्फत स्वास्थ्य संस्था र नागरिकहरुलाई सेवा प्रदान गरेको उनले शनिबार पोखरामा आयोजित छलफल कार्यक्रममा बताए। कोरोनाका समयमा रुपाका ९ सय जनालाई औषधी उपलब्ध गराएको प्रोजेक्ट म्यानेजर सोतीले बताए। समाजले कास्कीको साविक लेखनाथ नगरपालिका (२६ देखि ३३ वडा) र रुपा गाउँपालिकामा मधुमेह रोकथाम, उच्च रक्तचाप, महिलाको पाठेघरको मुखको क्यान्सर व्यवस्थापन लगायत स्वास्थ्यका क्षेत्रमा काम गर्दै आएको उनले जनाए। मधुमेह रोकथाम र व्यवस्थापन सम्बन्धी अन्तरक्रिया कार्यक्रममा मधुमेह, उच्चरक्तचाप, क्यान्सर लगायतका नसर्ने रोग समयमै पहिचान गर्दा त्यसबाट हुने दुर्घटनाबाट बच्न सकिने सोतीले बताए। रोग पहिचान र उपचारका कार्यक्रममा संस्थाले काम गर्दै आएको विकास नेपालले जनाएको छ। नेपालमा हाल करिब १० प्रतिशत २४ देखि ६४ बर्ष उमेर समुहका व्यक्तिमा मधुमेह रोग देखा पर्ने गरेको सोतीले दाबी गरे।

# पोखरा म्याराथन : अजित र सरस्वतीलाई १० किमी दौडको उपाधि

**पोखरापत्र संवाददाता**
**पोखरा, १२ चैत**

पोखरामा आयोजना गरिएको १६औं संस्करणको 'सफल पोखरा अन्तर्राष्ट्रिय म्याराथन' अन्तर्गत आज सम्पन्न १० किमी दौडमा पुरुषतर्फ अजितकुमार यादव र महिलातर्फ सरस्वती बोहोराले उपाधि जित्न सफल हुनुभएको छ।

नेपाली अग्रज खेलाडीहरूको छाता संस्था नेपाल भूतपूर्व खेलाडी मञ्चद्वारा पोखरा म्याराथनअन्तर्गत आयोजित सो दौडमा काठमाडौंका अजितले ३० मिनेट ४५ सेकेन्डमा निर्धारित दूरी पार गरी उपाधिसहित नगद रु २० हजारका साथमा मेडल र प्रमाणपत्र पुरस्कार प्राप्त गर्नुभयो। विजेता यादवले सन् २०१९ मा हङकङमा सम्पन्न तीन हजार मिटर दौडतर्फ एशियन युथ एथलेटिक्सको स्वर्ण पदक जित्ने पहिलो नेपाली खेलाडीसमेत हुनुहुन्छ।

महिलातर्फको १० किमी दौडमा काठमाडौंका सरस्वतीले ३९ मिनेट ३५ सेकेन्डमा पूरा गरी उपाधिसहित रु २० हजार नगद पुरस्कार जित्नुभयो। पुरुषतर्फ स्याङ्जाका युवराज थापाले ३२ मिनेट ५० सेकेन्डमा दौड पूरा गर्दै द्वितीय र काठमाडौंका टङ्ककबहादुर कार्कीले ३३ मिनेट पाँच सेकेन्डमा दौड पूरा गरी क्रमशः १५ हजार र १० हजार पुरस्कार पाउनुभयो। महिलातर्फ सशस्त्र प्रहरी बल एपिएफ क्लबका आशा रावतले ४० मिनेट १० सकेन्डमा दौड पूरा गर्दै द्वितीय र पोखराका गोमा पुनले ४३ मिनेट ५९ सेकेन्डमा निर्धारित दूरी पूरा गरी तृतीय हुनुभयो। उहाँहरूले क्रमशः रु १५ हजार र रु १० हजार पुरस्कार पाउनुभयो। प्रतियोगिताअन्तर्गत नै भएको छात्र पाँच किमी दौडमा थापाठाना मावि पर्वतका आनन्द थापाले १७ मिनेट पाँच सेकेन्डमा दौड पूरा गर्दै प्रथम, कालीगण्डकी मावि पर्वतका कृष्णबहादुर परियारले १७ मिनेटमा द्वितीय र मण्डली मावि गोरखाका सुरज बरामले १७ मिनेट ४१ सकेन्डमा दौड पूरा गरी तृतीय हुनुभयो।

छात्रातर्फ तनहुँको भानु माविका नर्मता गुरुङ प्रथम, पोखराको छोरेपाटन माविका नारायणी भण्डारीले द्वितीय र तनहुँको भानु माविका सन्ध्या अधिकारी तृतीय हुन सफल हुनुभयो। छात्र र छात्रातर्फ प्रथम, द्वितीय र तृतीय हुन सफल खेलाडीले जनही नगद रु १० हजार, सात हजार र पाँच हजारसहित मेडल र प्रमाणपत्र पुरस्कार प्राप्त गर्नुभयो। प्रतियोगिताको ह्विलचियर पुरुष इभेन्टतर्फ सुरेश गौली प्रथम, जीवन श्रेष्ठ द्वितीय र भरत अधिकारी तृतीय हुनुभयो। महिलातर्फ अञ्जु बराल प्रथम, घना मगर द्वितीय र लक्ष्मी सुनार तृतीय हुँदै क्रमशः रु १० हजार, सात हजार र पाँच हजारका साथमा मेडल र प्रमाणपत्र प्राप्त गर्नुभयो। प्रतियोगितामा पुरुषतर्फ १० किमी दौडमा २००, महिला १० किमीमा १००, पाँच किमी छात्रतर्फ ३००, पाँच किमी छात्रातर्फ २०० गरी ८०० जनाले सहभागिता जनाएका थिए।

# मैदान आमा समुहको अध्यक्षमा बस्नेत

**पोखरापत्र संवाददाता**
**पोखरा १२ चैत**




पोखरा-१६, बाटुलेचौरमा रहेको मैदान आमा समुहको २५ औ साधारण सभा तथा १२ औ अधिवेशनले मनु बस्नेतको अध्यक्षतामा १५ सदस्यीय कार्यसमिति निर्वाचित गरेको छ।

गठित समितिको प्रथम उपाध्यक्षमा ज्योति बस्नेत, द्वितिय उपाध्यक्षमा अमृता श्रेष्ठ, सचिव शिवशोभा खड्का बस्नेत, सह सचिव नारायणी बस्नेत, कोषाध्यक्षमा राधिका घर्ती क्षेत्री, सदस्यहरुमा मिना अधिकारी, देवु श्रेष्ठ, राधिका थापा, सिता खड्का, सरस्वती खड्का, बिन्दु बस्नेत, साबित्री बस्नेत, अम्विका श्रेष्ठ, दिपिका बस्नेत रहेका छन्। सभाको उद्घाटन गर्दै पोखरा महानगरपालिकाका उपप्रमुख मन्जुदेवी गुरुङले समाजको परिवर्तनमा आमा समुहको महत्वपूर्ण भूमिका रहेकोमा जोड दिदै आय आर्जनका कार्यक्रम अगाडि बढाउन आग्रह गर्नुभयो। त्यस्तै गरि सभामा आमा समूहबाट संचालित महिला समाजसेवा पुरस्कार बाट महिला समाजसेवी वेलकुमारी बस्नेत लाई नगद सहित पुरस्कृत गरिएको थियो। समूहका अध्यक्ष मनु बस्नेतको अध्यक्षतामा सम्पन्न सभाले समूहका सचिव यमुना भण्डारी र कोषाध्यक्ष मिना थापाले प्रस्तुत गरेका प्रगती प्रतिवेदन र आर्थिक प्रतिवेदन पारित गरेको थियो। सभामा पोखरा महानगरपालिका वार्ड नं. १६ का वडाध्यक्ष जीवन प्रसाद आचार्य, जिल्ला समन्वय समिति कास्कीका सदस्य गोमादेवी गौतम, मातृ शिशु मितेरी अस्पताल व्यवस्थापन समितिका अध्यक्ष धर्मराज थापा, हिमालय क्लवका अध्यक्ष शुसिल बस्नेत, सल्लाहाकार वेनि बहादुर बस्नेत, मोहन बहादुर थापा, जनजागरण आमा समुहका अध्यक्ष ओममाया नेपाली, उपाध्यक्ष ज्योती बस्नेत लगायतले बोलेका थिए।

आमा समूहलाई महत्वपूर्ण सहयोग गर्नुहुने शुसिला देवकोटा, निरा बस्नेत एवं जाल्पी आचार्यलाई पुरस्कार बितरण यसै समुहका संस्थापक डिलकुमारी बस्नेत, मानार्थ सदस्य सरस्वती खड्का, लक्ष्मी बस्नेतले विभिन्न सामाग्री प्रदान गरि सम्मान गरेका थिए।


आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो॥

**हार्दिक समवेदना**



जन्म : २000/0९/१५
स्वर्गारोहण : २0७८/१२/0१

**स्व. शेर बहादुर श्रेष्ठ**


यस पोखरा महानगरपालिका वडा न १३ कुँडहर विपी मार्ग 'ख' टोल निवासी श्रीमती तारादेवी /लक्ष्मी श्रेष्ठका प्रात स्मरणीय पति तथा शिवकुमार श्रेष्ठ, विनोद श्रेष्ठ र बिमला श्रेष्ठका पिता **शेर बहादुर श्रेष्ठ** को ७८ वर्षको उमेरमा भएको असामयीक निधनले हामी अत्यन्त मर्माहत एवं स्तब्ध भएका छौं। उहाँको निधन भएको आज १३ औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चीरशान्तिको कामना गर्दै शोकसन्तप्त परिवारजनमा भगवानले धैर्यधारण गर्ने शक्ति प्रदान गरुन भनि हार्दिक समवेदना प्रकट गर्दछौं।

**अध्यक्ष**
**तथा**
**विपी मार्ग "ख" टोल विकास संस्था परिवार**
**पोखरा-१३**



आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो॥

**हार्दिक समवेदना**



जन्म : २000/0९/१५
स्वर्गारोहण : २0७८/१२/0१

**स्व. शेर बहादुर श्रेष्ठ**

यस भद्रकाली सि: गुठीका गुठीयारा भाइ **शेर बहादुर श्रेष्ठ** को ७८ वर्षको उमेरमा भएको असामयीक निधनले हामी अत्यन्त मर्माहत एवं स्तब्ध भएका छौं। उहाँको निधन भएको आज १३ औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चीरशान्तिको कामना गर्दै शोकसन्तप्त परिवारजनमा भगवानले धैर्यधारण गर्ने शक्ति प्रदान गरुन भनि हार्दिक समवेदना प्रकट गर्दछौं।

**नायो: भुवन श्रेष्ठ**
**तथा**
**भद्रकाली सि: गुठी परिवार**
**कुँडहर-१३**



**उद्योग बन्द सम्बन्धी ३५ दिने सार्वजनिक सूचना**

प्रथम पटक प्रकाशित सूचना २०७८/१२/१३

यस कार्यालयमा मिति २०७०/११/२९ मा कास्की जिल्ला साविक पोखरा महानगरपालिका वडा नं. १३ को कि.नं. ८७८९ मा संचालन गर्नेगरि पोखरा महानगरपालिका वडा नं. १२ को कास्की निवासी एक बहादुर बसेलको नाउँमा दर्ता भएको प्रा.फ. द. प्र.नं. ९६७१/०७०/०७१ को बसेल ब्लक उद्योग प्रोपाइटर एक बहादुर बसेलले मिति २०७८/१२/११ मा फर्म बन्द गरी पाउँ भनि आवश्यक कागजात सहित रितपूर्वक निवेदन दिनुभएको हुँदा यो ३५ दिने उद्योग बन्द सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरिएको छ। यदि सो उद्योगमा अरु कसैको हकदावी एवं कुनै पनि प्रकारको लेनदेन भएमा सवुत प्रमाण सहित यो सूचना प्रकाशन भएको मितिले ३५ दिनभित्र यस कार्यालयमा लिखित उजुरी दिनुहुन अनुरोध गरिन्छ। म्याद भित्र लिखित उजुरी नपरेमा उक्त उद्योग नियमानुसार खारेज भई जाने हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

**घरेलु तथा साना उद्योग कार्यालय, कास्की**
**गण्डकी प्रदेश, पोखरा**


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : ब्यापारमा लाभ | तुला | : सम्मान मिल्नेछ |
| वृष | : मन चञ्चल | वृश्चिक | : मानसिक तनाब |
| मिथुन | : कार्यमा सफलता | धनु | : आर्थिक समस्या |
| कर्कट | : झमेला बड्ने | मकर | : सत्कार मिल्नेछ |
| सिंह | : सहयोग मिल्नेछ | कुम्भ | : शत्रुको भय |
| कन्या | : अप्रत्यसित लाभ | मीन | : शारीरिक झमेला |


**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।

# जाल्पादेवी ताय:मचामा जुद्धमान

पोखरापत्र संवाददाता
पोखरा, १२ चैत



पोखरामा रहेका नेवार समुदायको संयुक्त संस्था जाल्पादेवी तायः मचाको दशौ अधिवेशनले जुद्दमान जोशीको अध्यक्षतामा कार्यसमिति चयन गरेको छ।

समितिको उपाध्यक्षमा विश्व कुमार विजुक्छे, सचिव भगवान विजुक्छे, कोषाध्यक्ष अशोक श्रेष्ठ, सदस्यहरुमा जिवन श्रेष्ठ, केदार कुँवर, राजकुमार ठुसाजु, राजेन्द्र जोशी, श्रवणलाल जोशी, राजेन्द्र श्रेष्ठ, श्रीप्रसाद श्रेष्ठ रहेका छन् । त्यस्तै महिला मिसा पुचको अध्यक्षमा सविना विजुक्छे, उपाध्यक्ष इन्द्र श्रेष्ठ, सचिव सजना विजुक्छे, कोषाध्यक्ष विन्धवरी श्रेष्ठ र सहसचिवमा सञ्जिता बाटाजु चयन हुनुभएको छ भने युवापुचातर्फ अध्यक्षमा राजिव श्रेष्ठ, उपाध्यक्ष संजय श्रेष्ठ, सचिव इरोन श्रेष्ठ, कोषाध्यक्षमा कृस ठुसाजु रहेका रहेका छन् । सो अधिवेशनको शुभारम्भ गर्दै गण्डकी प्रदेश शिक्षा संस्कृति तथा सामाजिक विकासमन्त्री मेखलाल श्रेष्ठले जातीय पहिचान, सद्भावका लागी नेवार समुदाय एक हुनुपर्ने बताउनुभयो । मन्त्रीद्वारा समितिको विविध क्षेत्रमा सहयोग गर्ने सदस्यहरुलाई सम्मान गरिएको थियो। कार्यक्रममा पोखरा महानगरपालिका वडा नं. ८ का अध्यक्ष रुद्रनाथ बरालले स्थानीय स्तरमा रहेका सबै समुदायको विकासमा वडा सकारात्मक रहेको बताउनुभयो। नेवा खल कास्कीका अध्यक्ष अशोक पालिखेले नेवार संस्कृति जगेर्नामा आम नेवार समुदाय लाग्नुपर्ने बताउनुभयो । सृजना विकास केन्द्रका उपाध्यक्ष कृष्ण बहादुर थापाले जातीय सद्भाव कायम गराउन नेवार समुदायको संस्कृति महत्वपूर्ण रहेको बताउनुभयो । समितिका अध्यक्ष कृष्णमान ठुसाजुको सभापतित्वमा भएको कार्यक्रममा सल्लाहकार विरेन्द्रनारायण विजुक्छे, संस्कृतकर्मी अष्ठमान प्रधानाङ्ग, पूर्व अध्यक्ष शुसिल विजुक्छे, नेवा मिसा पुचका अध्यक्ष सञ्जिता बज्राचार्य, उपाध्यक्ष सविना विजुक्छे लगायतले आ-आफ्नो धारणा राख्नुभएको थियो । समितिका उपाध्यक्ष जुद्दमान जोशी, सचिव विश्वकुमार विजुक्छे, कोषाध्यक्ष राजिव खिचाजुबाट संस्थागत प्रतिवेदन राखिएको थियो।


त्रिभुवन विश्वविद्यालय
## वन विज्ञान अध्ययन संस्थान
पोखरा क्याम्पस, पोखरा

**जनशक्ति आवश्यकता सम्बन्धी दरभाउपत्र आव्हानको सूचना ।**

यस क्याम्पसका लागि व्यक्तिगत सेवा करारमा प्लम्बर एक, ड्राईभर एक र कार्यालय सहयोगी (स्वीपर) एक पदपूर्ति गरी सेवा लिनुपर्ने भएको हुँदा कुनै कसुरदार नठहरिएका ईच्छुक योग्य नेपाली नागरिकहरुबाट मिति २०७८/१२/२७ गतेभित्र रीतपूर्वक शिलबन्दी दरभाउपत्र आव्हान गरिन्छ ।

विस्तृत जनकारीका लागि यस क्याम्पसमा सम्पर्क राख्नुहोला ।

क्याम्पस प्रमुख


# मुख्यमन्त्री पोखरेलद्वारा पुन:निर्मित अकलादेवी मन्दिरको उद्घाटन

पोखरापत्र संवाददाता
दमौली, १२ चैत

गण्डकी प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेलले तनहुँको म्याग्दे गाउँपालिका-३ किल्चोकमा पुनःनिर्माण सम्पन्न भएको अकलादेवी मन्दिरको शनिबार उद्घाटन गर्नुभएको छ।


अकलादेवी मन्दिर व्यवस्थापन समितिले पुनःनिर्माण गरेको मन्दिरको उहाँले उद्घाटन गर्नुभएको हो । सोअवसरमा मुख्यमन्त्री पोखरेलले धार्मिक पर्यटनले गण्डकी प्रदेशको समृद्धिमा योगदान दिन सक्ने बताउनुभयो । प्रदेशभित्र रहेका धार्मिकस्थलको प्रवर्द्धनका लागि प्रदेश सरकारले सहयोग गर्ने मुख्यमन्त्री पोखरेलले प्रतिबद्धता व्यक्त गर्नुभयो । जगतगुरु शङ्कराचार्य, गण्डकी प्रदेशका आन्तरिक मामिलामन्त्री डोबाटे विश्वकर्मा, गण्डकी प्रदेशसभा सदस्य आशा कोइराला लगायतले अकलादेवी मन्दिरको धार्मिक महत्वबारे प्रकाश पार्नुभयो ।

सो अवसरमा मुख्यमन्त्री पोखरेलले मन्दिरमा पूजाअर्चना समेत गर्नुभएको छ। विसं २०७६ वैशाख १६ गतेदेखि पुनःनिर्माण थालिएको मन्दिरको काम हालै सम्पन्न भएको मन्दिर निर्माण समितिका अध्यक्ष रामभक्त घिमिरेले जानकारी दिनुभयो । रु ८० लाखको लागतमा मन्दिर निर्माण भएको छ । मन्दिरमा तामाको छानो राखिएको छ । छानो राख्नका लागि मात्रै रु १२ लाख भन्दा बढी खर्च भएको घिमिरेले बताउनुभयो । यस ठाउँलाई धार्मिक पर्यटकीय गन्तव्यस्थलका रुपमा विकास गर्ने उद्देश्यसहित पूर्वाधार निर्माणको कामलाई पनि सुरु गरिएको छ । यहाँ शिवालय मन्दिर, मूल प्रवेशद्वार, वनभोजस्थल, हरित उद्यान, भजनकिर्तनको भवनका पूर्वाधार बनेका छन् ।

गण्डकी प्रदेश सरकार, म्याग्दे गाउँपालिका लगायतको सहयोगमा यहाँ पूर्वाधार निर्माणको काम गरिएको मन्दिर व्यवस्थापन समितिका अध्यक्ष राधिका पन्तले बताउनुभयो । मन्दिरलाई धार्मिक पर्यटनको केन्द्र बनाउने उद्देश्यसहित गुरुयोजना बनाइएको र गुरुयोजना बमोजिम नै मन्दिरको पुनःनिर्माण गरिएको बताइएको छ । मन्दिर पुनःनिर्माणका लागि समितिले महायज्ञ गरेर रु एक करोड सङ्कलन गरेको थियो । मुख्यमन्त्री पोखरेलले शनिबारनै म्याग्दे-१ गुणादीस्थित महेन्द्र माध्यमिक विद्यालयको नवनिर्मित भवनको उद्घाटन गर्नुभयो । योङ लिभिङ फाउण्डेशनमा निर्माण सम्पनन दुई भवनको मुख्यमन्त्री उहाँले उद्घाटन गर्नुभएको हो ।


आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो ।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो ॥

## हार्दिक समवेदना



जन्म :
२000/0९/१५

स्वर्गारोहण :
२0७८/१२/0१

स्व. शेर बहादुर श्रेष्ठ

यस राधाकृष्ण मन्दिर सेवा समिति कुँडहर पोखरा-१३ का भजनिया सदस्य भाइ तथा मन्दिर सेवा समितिका कार्यसमिति सदस्य श्री विनोद कुमार श्रेष्ठ सहित भजनिया सहयोगी भाइ शिव कुमार श्रेष्ठका पुजनीय बुबा **शेर बहादुर श्रेष्ठ** को ७८ वर्षको उमेरमा भएको असामयीक निधनले हामी अत्यन्त मर्माहत एवं स्तब्ध भएका छौं। उहाँको निधन भएको आज १३ औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चीरशान्ति पाओस भनि हामी भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं साथै यस दुखद घडीमा उहाँका शोकसन्तप्त परिवारजन, भाइवन्धु, इष्टमित्र सबैमा धैर्यधारण गर्न सक्ने शक्ति प्राप्त होस् भनि श्री राधाकृष्ण भगवानसँग प्रार्थना गर्दै हार्दिक समवेदना व्यक्त गर्दछौं।

**योगेन्द्रमान श्रेष्ठ**
**अध्यक्ष एवं**
**श्री राधाकृष्ण मन्दिर सेवा समिति परिवार**
**कुँडहर, पोखरा- १३**



आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो ।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो ॥

# हार्दिक श्रद्धाञ्जली



जन्म:
वि. स. २000/0९/१५ गते

स्वर्गारोहण:
वि.स. २0७८/१२/0१ गते

**स्व: शेर बहादुर श्रेष्ठ**

हाम्रा प्रात स्मरणीय आदरणीय पति/बाबा/हजुरबाबा **शेर बहादुर श्रेष्ठ** को ७८ वर्षको उमेरमा ब्रह्मलीन हुनु भएकोमा हामी मर्माहत एवं स्तब्ध भएका छौं। आज १३ औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिरशान्ति तथा बैकुण्ठवासको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं। साथै यस दुःखद् घडिमा हामीप्रति श्रद्धाभाव राखि सहानुभूति एवं समवेदना प्रकट गर्नुहुने सम्पूर्ण ईष्टमित्र, कुलकुटुम्ब, छरछिमेकी, संघ संस्था एवम् शुभचिन्तकहरुप्रति हार्दिक आभार व्यक्त गर्दछौं।

**श्रीमती: तारा देबी श्रेष्ठ/ लक्ष्मी श्रेष्ठ**

**छोरा/बुहारी:**
**शिव कुमार श्रेष्ठ/ शान्ता श्रेष्ठ**
**विनोद कुमार श्रेष्ठ/ पार्वती श्रेष्ठ**

**छोरी/ज्वाइँ:**
**विमला श्रेष्ठ/ मोहन कुमार श्रेष्ठ**

**नाति:**
**नविन महर्जन, ओम श्रेष्ठ,**
**विशाल श्रेष्ठ, विवेक श्रेष्ठ,**
**मुबि कुमार श्रेष्ठ, मोहित श्रेष्ठ**

**नातिनी:**
**नगिना महर्जन, सिमा श्रेष्ठ,**
**विनिसा श्रेष्ठ, विपासा श्रेष्ठ**

**एवम् श्रेष्ठ परिवार**